# झापा राजपत्र


## झापा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-४ संख्या-१३, स्वीकृत मिति : २०७९।११।२५


# भाग २

## *झापा गाउँपालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९*

# झापा गाउँपालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधानको धारा ४२ को उपधारा २ मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, शसक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था रहेकोले झापा गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम **झापा गाउँपालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९** रहेको छ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क. "गाउँपालिका" भन्नाले झापा गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख. "नागरिक आवास" भन्नाले प्राविधिकबाट स्वीकृत स्टिमेट तथा डिजाइन अनुसारका आवास इकाइ सम्झनु पर्छ ।

ग. "आवास इकाई" भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

घ. "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको घरधनी सम्झनु पर्छ ।

ङ. "लक्षित वर्ग" भन्नाले कार्यक्रम लागु हुने स्थानमा विगत लामो समय देखि स्थायी बसोबास गरेका विपन्न, दलित, मुसलमान, लोपोन्मुख, अति सिमान्तकृत तथा गाउँपालिकाले तोकेको जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

च. "निर्माण उपभोक्ता समिति" भन्नाले एकमुष्ट वा एकीकृत आवास निर्माण गर्न सम्बन्धित लाभग्राहीहरुको भेला मार्फत क्षेत्रगत रुपमा गठन भएका उपभोक्ता समितिहरु लाइ सम्झनु पर्दछ ।

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचान:** लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ ।

क. विगतदेखि गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्दै आएको प्रमाण,

ख. जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाउँदै आएको भए सो सम्बन्धी कागजात वा आफु विगत देखि सो स्थानमा स्थायी बसोबास गरी आएको भन्ने वडा कार्यालयको सिफारिस,

ग. लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

घ. वडा कार्यालयले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस,

**४. लाभग्राही छनौटका आधार :** (१) सम्वन्धित वडा कार्यालयले लक्षित वर्गभित्र परेको र स्वयं घर बनाउन नसक्ने भनी गरेको सिफारिसका आधारमा लाभग्राही छनौट गरिनेछ ।

लाभग्राही छनौटका अन्य आधारहरु गाउँपालिकाले तय गर्न सक्नेछ ।

## परिच्छेद ३

## रकम तथा निर्माण सामाग्री

**५. रकम उपलव्ध गराउने:** (१) गाउँपालिकाले कार्यपालिकाको निर्णय बमोजिम लाभग्राही वा निर्माण उपभोक्ता समितिलाई किस्तामा रकम उपलव्ध गराउनेछ ।

(२) लाभग्राही वा निर्माण उपभोक्ता समितिसँगको सम्झौता पश्चात प्राबिधिक मुल्यांकन बमोजिम प्रथम किस्ता रकम उपलव्ध गराउन सकिनेछ ।

(३) अनुगमन समितिको अनुगमन प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पश्चात बाँकी रकम लाभग्राहि वा निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिइने रकममा कर कट्टी गरी लाभग्राही वा निर्माण उपभोक्ता समितिको बैंक खातामा जम्मा हुने गरी दिइनेछ ।

**६. लागत सहभागिता र योगदान:** लाभग्राही वा निर्माण उपभोक्ता समितिले कुल लागत अनुमानको कम्तीमा दश प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

**७. अन्य निकायले सहयोग गर्ने :**

**७. अन्य निकायले सहयोग गर्ने :**

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा ( प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

घ) एकमुष्ट वा एकीकृत आवास निर्माण गर्न सम्बन्धित लाभग्राहीहरुको भेला मार्फत क्षेत्रगत रुपमा निर्माण उपभोक्ता समिति गठन गरि उक्त समिति मार्फत निर्माण सम्बन्धि कार्य गराउन सकिनेछ ।

## परिच्छेद ४

## विविध:

**८. निर्देशन पालना गर्नुपर्ने :** सम्वन्धित लाभग्राही वा निर्माण समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

**९. विवादको समाधान :** सम्वन्धित लाभग्राही वा निर्माण समिति र गाउपालिका बीच कार्यक्रम कार्यान्वयनको क्रममा कुनै विवाद भएमा गाउँपालिकको निर्णय अन्तिम हुनेछ ।

**१०. बेच बिखन गर्न नपाउने :** लाभग्राहीले आवास इकाइ निर्माण सम्पन्न भएको मितिले दश वर्षसम्म बेचविखन गर्न पाउने छैन ।

**११. सुविधा नपाउने :** नेपाल सरकार तथा गाउँपालिकाबाट विगत वर्षहरुमा निर्माण भएका आवासहरुका लाभग्राहि एकाघरको भएमा आवास सुविधा उपलव्ध गराइने छैन ।

**१२. खारेजी र बचाउ :**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

कार्यविधि २०७५ संशोधन सहितलाई मुल आधार मानिने छ ।

ग) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

घ) यो कार्यविधि लागू भए पश्चात यस अघिको कार्यविधि स्वत: खारेज हुनेछ ।

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत